# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं

बागमती प्रदेश, नेपाल

## दक्षिणकाली नगरपालिकाको सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०४/०६**

यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दाको प्रकाशित गरिने सूचनाहरु न्यूनतम दररेटमा "क" वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशित गर्नु पर्ने भएकोले उक्त कार्य सिलबन्दी दरभाउ पत्रद्धारा गर्नु पर्ने भएकोले दरभाउ पत्रदाताको कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा पत्र, नवीकरण भएको दर्ता प्रमाणपत्र, पान प्रमाण पत्र तथा २०७९/०८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी ईच्छुक फर्म/कम्पनी तथा विज्ञापन एजेन्जीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्रमा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत सूचना यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | सिलबनदी दरभाउ पत्र फारम दस्तुर | धरौटी/जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | DM/SQ/Advservices/ 2081/082/01 | राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन | रु.१०००/- | १,००,०००/-(अक्षरुपी रु.एक लाख) |

दक्षिणकाली नगरपालिका

**शर्तहरु:**

(१) सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति:- २०८१/०४/२० गते कार्यालय समय भित्र ।

(२) सिलबन्दी दरभाउ पत्र वुझाउने अन्तिम मिति र समय :- २०८१/०४/२१ गते अपरान्ह १२.०० वजे सम्म ।

(३) सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय:- २०८१/०४/२१ दिउँसो १.०० वजे ।

(४) खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेश गर्न दरभाउ पत्रदाता फर्म,कम्पनी विज्ञापन एजेन्जीको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) सिलबन्दी दरभाउ पत्र फाराम साथ धरौटी वापत रकम रु.१,००,०००/-(अक्षरुपी रु.एक लाख) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको सिलबन्दी दरभाउ पत्र जमानत पेश गर्नुपर्नेछ ।

(६) सिलबन्दी दरभाउ पत्रदाताले सिलबन्दी दरभाउ पत्र पेश गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. र अर्कोतर्फ राष्ट्रिय स्तरमा सूचना प्रकाशन गर्ने सम्बन्धमा पेश गरेको सिलबन्दी दरभाउ पत्र , दक्षिणकाली नगरपालिका, फर्पिङ भनेर स्पष्टसंग लेख्नु पर्नेछ तथा सिलबन्दी दरभाउ पत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु सिलबन्दी दरभाउ पत्रदाताद्धारा प्रमाणित हुनुपर्नेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर कम छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) सिलबन्दी दरभाउ पत्र दिदा कुनै प्रकारको शर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको सिलबन्दी दरभाउ पत्र फारामलाई मान्यता दिइनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिदेखि २०८२ असार मसान्तसम्म रहनेछ ।

(१०)सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(११) म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको फर्म,कम्पनी तथा विज्ञापन एजेन्सीहरुको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन ।

(१२)कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(१३)यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित) सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

(१४) आ.व.२०८१/०८२ मा एकद्धार प्रणाली मार्फत काठमाण्डौबाट प्रकाशन हुने गोरखापत्र,कान्तिपुर,अभियान,अन्नपूर्ण पोष्ट,कारोबार,नागरिक,राजधानी,नयाँ पत्रिका गरी ८ वटा राष्ट्रिय दैनिक पत्रिकाको भित्री पुष्ठ सादामा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा सूचना प्रकाशित गर्न ईच्छुक फर्म,कम्पनी तथा विज्ञापन एजेन्जीहरुलाई यो सूचना प्रकाशन गरिएको हो ।उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि.रकम भिन्दा भिन्दै उल्लेख गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

(१५)दरभाउ पत्र फाराममा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पुष्टमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्यूनतम दररेटमा प्रकाशित गर्न ईच्छुक फर्म,कम्पनी तथा विज्ञापन एजेन्जीहरुको दरभाउ पत्र स्वीकृत गरिनेछ ।

(१६)एक आपसमा मिलोमतो गरी दरभाउपत्र पेश गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन।

(१७)थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

-दक्षिणकाली नगरपालिका